# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०७।११ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------

मालपोत कार्यालय, परासीका कर्मचारीहरु समेतको मिलेमतोमा साविक जयखानी ३ गुल्मीका दीपक सुनारले साबिक तिलकपुर गाविस वडा नं.-५, हाल सरावल गाउँपालिका वडा नं. -१ कि.न. २४ क्षे.फ.२-१५-२ जग्गा बिगाहको सार्वजनिक जग्गा किर्ते कागजात तयार गरी लुम्बिनी ग्याँस उद्योग प्रा.लि., नवलपरासीलाई बेचबिखन गरेको भन्ने ब्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा अनुसन्धानको क्रममा प्राप्त विवरणहरू लगायत कागजातहरु अध्ययन एवं अनुसन्धान गर्दा जिल्ला नवलपरासी तिलकपुर गाविस वडा नं. ५ कि.न.२४ क्षे.फ.२-१५-२ बिगाहको उक्त जग्गाको नक्कली जग्गाधनी दर्ता श्रेस्ता र प्रमाणपूर्जा समेत खडा गरी मालपोत कार्यालय परासीका कर्मचारीहरु समेतको मिलेमतोमा सरकारी, सार्वजनिक प्रकृतिको जग्गा व्यक्ति विशेषको नामबाट अमुक कम्पनीको नाममा बिक्री वितरण गर्ने प्रयोजनको लागि राजीनामाको लिखत तयार गरी पारित समेत गरेको देखिन आयो । उक्त जग्गाको मालपोत कार्यालय परासीको आ.व.२०७४/०७५ को न्यूनतम सरकारी मुल्याङ्कन पुस्तिका अनुसार प्रति कठ्ठा रु.५,२०,०००।-(पाँच लाख वीस हजार) का दरले जम्मा मूल्य रु.२,८६,५२,०००।-( दुई करोड छयासी लाख बाउन्न हजार रुपियाँ) पर्ने जग्गा गैह्रकानुनी रूपमा ब्यक्ति विशेषको नाममा कम्प्युटर इन्ट्री गरी, नक्कली श्रेस्ता,पूर्जा खडा गरी कार्यालयमा रहेको मोठ ठेलीमा घुसाइ, वडा कार्यालयको घर बाटो सिफारिस समेत केरमेट गरी गराई सो को आधारमा हक हस्तान्तरणको लागि राजीनामाको लिखत पारित गर्ने र पुन: निजी कम्पनीको नाममा जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गरी राष्ट्रसेवक कर्मचारी भई आफ्नो पदको दुरुपयोग गरी बदनीयतपूर्वक सरकारी, सार्वजनिक सम्पत्ति हानी नोक्सानी हुने र व्यक्ति विशेषलाई गैरकानुनी लाभ तथा प्रत्यक्ष फाइदा पुऱ्याउने कार्यमा संलग्न मालपोत कार्यालय परासीका मालपोत अधिकृत मनोहरप्रसाद पन्थी, खरिदार जीवलाल भूषाल र कम्प्यटर अपरेटर एजाज खाँले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा(१) र सोही ऐनको दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले निजहरूलाई तत्कालीन समयको न्युनतम सरकारी मूल्याङ्कन अनुसारको जम्मा रु.२,८६,५२,०००।-( दुई करोड छयासी लाख बाउन्न हजार रुपियाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा(१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

यसैगरी मालपोत कार्यालय, परासीका कर्मचारीहरुलाई अनुचित प्रभावमा पारी आफूलाई गैर कानूनी लाभ हुने र नेपाल सरकारलाई गैर कानूनी हानी पुऱ्याउने बदनीयतले उल्लेखित जग्गाको गैर कानूनी

तरिकाबाट आफ्नो नाममा नक्कली जग्गाधनी दर्ता श्रेस्ता र प्रमाणपूर्जा समेत खडा गरी गराई सोको आधारमा लुम्बिनी ग्याँस प्रा.लि.गैंडाकोट, नवलपरासीको नाममा बिक्रीवितरण गरी भ्रष्टाचारजन्य कार्य गर्ने दीपक सुनार, बिक्री बितरण गराउने कार्यमा प्रत्यक्ष रूपमा संलग्न बिचौलिया यादबप्रसाद भण्डारीले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा(४) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले निजहरूलाई जनही बिगो रु.२,८६,५२,०००।-(दुई करोड छयासी लाख बाउन्न हजार रुपियाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा(४) बमोजिम सजाय हुन र दीपक सुनारको नामको नक्कली जग्गाधनी दर्ता श्रेस्ता र प्रमाणपूर्जा समेतको आधारमा उक्त सरकारी, सार्वजनिक प्रकृतिको जग्गा लुम्बिनी ग्यास प्रा.लि.गैंडाकोट,नवलपरासीको प्रतिनिधि भइ उक्त प्रा.लि.को नाममा खरिद गरी लिने कार्यमा प्रत्यक्ष रूपमा संलग्न लुम्बिनी ग्याँसका प्रतिनिधि सुरेन्द्रराज पौडयाल र सरकारी, सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा खरिद बिक्री गर्ने-गराउने कार्यमा प्रत्यक्ष संलग्न सुदन श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा(४) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले निजहरूलाई जम्मा बिगो रु.२,८६,५२,०००।-(दुई करोड छयासी लाख बाउन्न हजार रुपियाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा(४) बमोजिम सजाय हुन मागदावि लिइ आज विषेश अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता